Email: gaidahawagaupalika@gmail.com
Website: gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, बिष्णुपुरी, रुपन्देही

प.स. ०७६/०७७ मिति : २०७७/०२/२७

च.नं.

## सूचना तथा जानकारी

प्रस्तुत विषयमा यस गैडहवा गाउँपालिका गाउँकार्यापालिकाको मिति २०७७/०२/२६ गते बसेको बैठकको तपसील अनुसारका निर्णयहरु कार्यान्वयन गर्न गराउन सबैमा जानकारीका लागि अनुरोध छ ।

तपसील :

१ यस गैडहवा गाउँपालिकामा नेपाल सरकारले गरेको लकडाउन लाई व्यवस्थित बनाउन तथा आर्थिक गतिविधिलाई चलायमान बनाउन गैडहवा गाउँपालिका भित्र संचालनमा रहेका तपसील बमोजिमका पसलहरु तपसील अनुसार संचालन गर्ने ।

क. औषधि पसलहरु र एम्बुलेन्स २४ सै घण्टा संचालन गर्ने ।

ख. चिया पसल, होटेल तथा रेष्टुरेण्टहरु बाहेक अन्य पसलहरु विहान ६:०० बजे देखि दिउँसो १२:०० बजे र दिउँसो ३:०० बजे देखि साँझ ५:०० बजे सम्म खुल्ने र हाट बजार बन्द रहने छ ।

ग. उपरोक्त बमोजिमका पसलहरु संचालन गर्दा कोरोना भाईरसबाट बच्ने तथा सुरक्षा हुने गरी संचालन गर्ने र क्रेता बिक्रेता बीच सामाजिक दुरी कायम गर्ने, भिडभाड गर्न नपाउने, क्रेता र विक्रेताले अनिवार्य माक्सको प्रयोग गर्ने, पसलमा साबुन पानी ले हात धुने तथा सेनिटाइजरको प्रयोग गर्ने एवम् गर्न लगाउने ।

२. यस गैडहवा गाउँपालिका अन्तर्गतका सम्पूर्ण संस्थागत, धार्मिक तथा सामुदायिक विद्यालयहरुले अनलाईन मार्फत कक्षा १ देखि ९ कक्षा सम्मको परीक्षाफल अनलाइन नतिजा प्रकाशन गर्ने र सामाजिक दुरी कायम गरी सम्पूर्ण सम्बन्धित विद्यालयहरुले विद्यार्थीहरुको घरघरमा पाठ्यपुस्तक उपलब्ध गराउने ।

<u>वोधार्थ</u>

१ श्री वडा कार्यालय (सबै) कार्यान्वयन गर्नु गराउनुहुन ।
२ श्री ईलाका प्रहरी कार्यालय सुर्यपुरा ।
३ श्री शसस्त्र प्रहरी बेस क्यम्प लोण्डिहवा ।

२०७७/०२/२६

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत